**Patan Pragya** *(Volume: 11, Number: 2, 2022)* *ISSN 2594-3278*

Received Date: Oct. 2022 Revised: Nov.2022 Accepted: Dec. 2022

*Doi-https://doi.org/10.3126/pragya.v11i02.52174*

# ‘क्रान्तिको पृष्ठभूमि’ एकाङ्कीमा प्रतिबद्धताको सौन्दर्य

**तेजविलास अधिकारी***

**लेखसार**

प्रस्तुत शोधलेख गोविन्दबहादुर मल्ल गोठालेद्वारा लिखित ‘क्रान्तिको पृष्ठभूमि’ एकाङ्कीमा वर्णित वैचारिक प्रतिबद्धतासँग सम्बन्धित रहेको छ । हरेक रचनामा लेखकले आफ्नै प्रकारको प्रतिबद्धता व्यक्त गरेको हुन्छ । यस एकाङ्कीमा पनि परिवर्तनप्रतिको प्रतिबद्धता व्यक्त भएको छ । यस लेखमा प्रस्तुत ‘क्रान्तिको पृष्ठभूमि’ एकाङ्कीले नेपाली राजनीतिको महत्त्वपूर्ण मोडमा २००७ सालको क्रान्तिपूर्व नेपाली समाजमा रहेको पात्रगत द्वन्द्वको पाटोलाई पहिल्याएर त्यस्ता पात्रहरू भित्रको वैचारिक प्रतिबद्धताको अध्ययनलाई मूल विषयको क्षेत्र बनाइएको छ । नेपाली समाजमा कमी रहेको स्वतन्त्रताको गान र परिवर्तनप्रतिको उत्कट चाहनालाई पूर्ति गर्न क्रान्तिमा होमिएका पात्रले देखाएको त्याग तपस्याले पु¥याएको योगदानलाई यस लेखमा प्रस्तुत गरी निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** वर्गवैरी, दृश्यबिम्ब, क्रान्तिचेत, प्रतिबद्धता ।

## विषय परिचय

प्रस्तुत शोध लेखमा नेपाली नाटक क्षेत्रका एक विशिष्ट प्रतिभा गोविन्दबहादुर मल्ल गोठाले (जीवनकाल वि.सं. १९७९ असार २६ – २०६७ मङ्सिर २७) द्वारा लिखित ‘क्रान्तिको पृष्ठभूमि’ (२००७-००८) एकाङ्कीभित्र प्रतिबद्धताको विश्लेषण गरिएको छ । उक्त एकाङ्कीमा नेपाली राजनीतिक इतिहासमा एउटा बिर्सन नसकिने मोड २००७ सालको क्रान्तिलाई सशक्त ढङ्गले उठाइएको छ । कुनै पनि क्रान्ति सफल हुनको लागि क्रान्तिमा सामेल पात्र वा योद्धा कति प्रतिबद्ध हुनुपर्छ भन्ने प्रत्यक्ष प्रमाण यस एकाङ्कीमा देख्न सकिन्छ । क्रान्तिका योद्धा जीवकृष्ण र जीवकृष्णकी जीवन सङ्गिनी युवतीको प्रतिबद्धताले त्रिभुवनलाई राजगद्दी छाडेर भारत शरण लिन जाने बनायो । राजा नै देश छाडेर गएपछि श्री ३ मा परेको दबाबले २००७ सालको क्रान्तिमा लागेकाहरूको मनोबल उच्च भएबाट राणाका आसेपासे अत्तालिएको विषय यसमा उद्घाटित भएको छ । एकाङ्कीमा क्रान्ति सफल भएको घटना देखाइएको छैन । एकाङ्कीमा क्रान्ति निर्माण हुँदै जाने र परिवर्तन पक्षधरमा उभार प्राप्त हुन थालेको सङ्केत देखाइएको छ ।

‘क्रान्तिको पृष्ठभूमि’ सामाजिक तथा मनोवैज्ञानिक सन्दर्भमा लिखित एकाङ्की हो । २००७ सालको क्रान्ति र क्रान्तिको सार्थक प्रयाससँग सम्बन्धित भएर हेर्दा यो एकाङ्की २००७ सालपश्चात् लेखिएको हो भन्ने ठम्याउन सकिन्छ । यस एकाङ्कीले क्रान्तिको पृष्ठभूमि तयार हुनुपूर्व जनजनमा सामाजिक र मानसिक क्रान्ति आउनुपर्ने विषयको उद्घाटन गरेको छ । १९९७ सालदेखि युवाहरूको चेतनामा आएको परिवर्तनले काठमाडौँमा विद्रोहीहरूको सङ्गठन निर्माण भई गतिविधि समेत सञ्चालन भएको विषयको विवेचना समेत यस ‘क्रान्तिको पृष्ठभूमि’ एकाङ्कीमा प्रस्तुत भएको छ ।

यो एकाङ्कीमा पात्रहरूको यथार्थ प्रस्तुति हुँदाहुँदै पनि मनोवैज्ञानिक प्रभाव र असरको चित्र स्पष्ट रूपमा देखा परेको छ । जाति, लिङ्ग, भूगोल, पेसा मात्र नभएर सबै तह र तप्काका नागरिकहरूलाई स्वतन्त्रताको श्वास फेर्ने प्रजातान्त्रिक अधिकार दिलाउने यात्रामा समाजका पात्रहरूले पुर्‍याएको योगदानको प्रतिबिम्बन यस नाटकमा भएको छ । नेपालका विभिन्न भूगोलमा राणाहरूको विपक्षमा क्रान्तिको आगो सल्किसक्दा पनि उपत्यका राणाकै पक्षमा दमनचक्रमा सहभागी भएको तीतो

**उपप्राध्यापक तेजविलास अधिकारी वाल्मीकि विद्यापीठमा कार्यरत हुनुहुन्छ ।*

यथार्थ पनि यस एकाङ्कीमा प्रस्तुत रहेको छ । राणा सरकारको गुप्तचरले जनतामाथि गरेको मानसिक दमन र क्रान्तिमा लागेको पात्रको परिवारमा दिएको अनौठो दबाब नै नाटकको विशेष पक्ष भएर देखा परेको छ ।  यिनै विषयमा आधारित 'क्रान्तिको पृष्ठभूमि' एकाङ्कीको अध्ययनमा प्रस्तुत लेख केन्द्रित रहेको छ । उक्त एकाङ्कीमा लेखकीय प्रतिबद्धताको खोजी यस लेखको मुख्य उद्देश्य हो ।

**अध्ययनको विधि**

यस शोध लेखका निम्ति 'क्रान्तिको पृष्ठभूमि' एकाङ्कीलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ । वैचारिक प्रतिबद्धताको सैद्धान्तिक पक्षको निरुपणका लागि प्रयोग गरिएका  समालोचनात्मक लेख, समीक्षा, टिप्पणी आदि यस अध्ययनका द्वितीयक सामग्री हुन् । एकाङ्कीभित्र रहेको मुख्य पात्र, परिवेश, कथा र उद्देश्य आदि यस शोध लेखको प्रयोजन निम्ति अपरिहार्य सामग्री बनेका छन् । एकाङ्कीमा प्रयुक्त क्रान्ति शब्दसँग प्रतिबद्धताको विषय जोडिने भएकाले प्रतिबद्धताको विषयमा विचार र सङ्गठनलाई जोड्दै व्याख्या विश्लेषणको आधार बनाइएको छ । विवेच्य कृतिमा प्रस्तुत वैचारिक प्रतिबद्धाको पहिचान र विवेचना यस लेखको मुख्य विषय हो । यसको सैद्धान्तिक पक्षको निरुपण निगमनात्मक विधिबाट गरिएको छ भने पाठ विश्लेषण एवम् विषयको पुष्टिका लागि आवश्यकताअनुसार आगमनात्मक एवम् तर्कपद्धतिको समेत उपयोग गरिएको छ ।

प्रस्तुत लेखमा प्रतिबद्धतासम्बन्धी वैचारिक, पारिवारिक र सामाजिक अवधारणाका आधारहरूमा क्रान्तिको पृष्ठभूमि एकाङ्कीको विश्लेषण गरिएको छ । प्रतिबद्धताले नै मानिसमा प्राप्त हुन नसकेको विषय पनि प्राप्त हुन्छ भन्ने विचार र समस्याको समाधान गर्ने क्षमताको विकास हुने विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

साहित्यिक रचनाको निश्चित उद्देश्य हुन्छ । सर्जकको वैचारिक प्रतिबद्धताले सिर्जनाको उद्देश्य निर्धारणमा निर्णायक भूमिका खेलेको हुन्छ । मोहनविक्रम सिंहका अनुसार प्रकृति, जीवन वा चिन्तनमा सौन्दर्यको अत्यन्त ठुलो स्थान रहेको हुन्छ । तैपनि त्यसलाई हामीले निरपेक्ष अर्थमा बुझ्न हुँदैन । समग्र रूपमा प्रकृति अत्यन्त सुन्दर भए पनि वा त्यसमा सौन्दर्यको अत्यन्त ठुलो खजना भए पनि हामीले त्यसलाई मानव चेतनाको सीमित अर्थमा नै ग्रहण गर्न सक्छौँ (पौडेल र ज्ञवाली, २०७८, पृ. ४५) । चेतनाले नै मान्छेलाई आफ्नो यात्राप्रति प्रतिबद्ध बनाउँछ र सापेक्ष जीवनमा स्वतन्त्रताप्रतिको यात्रालाई प्रतिबद्ध तुल्याउन मद्दत पुऱ्याउँछ । भौतिकवादको आधारभूत सिद्धान्त मनबाट स्वतन्त्र र अलग रूपमा भौतिक संसार तथा चीजहरूको अस्तित्वको मान्यता हो (लेनिन, सन १९५२, पृ. ७८) । यस हिसाबले चेतना भौतिक पदार्थको उपज हो र पदार्थ वा भौतिक संसार नै चेतनाभन्दा प्राथमिक हो । आदर्शवाद भन्दा भिन्न मत राख्ने भौतिकवादी जीवनदृष्टिले मान्छे विचार र सिद्धान्तप्रति प्रतिबद्ध मात्र होइन लक्ष्यप्रति समेत दृढ हुन्छ ।

समाज वर्गीय भएकाले स्रष्टा र सिर्जनामा पनि वर्गीय पक्षधरता र आफ्नो वर्गप्रतिको प्रतिबद्धता हुन्छ । समाजवादी साहित्यमा श्रमजीवी वर्गको पक्षधरता र प्रतिबद्धता हुनेगर्छ । मार्क्सवादले समाज विकासको इतिहासलाई वर्ग संघर्षको इतिहास मान्दछ । मानव उत्पत्तिदेखि अहिलेसम्म आउँदा मानव समाजको विकास जे जसरी भएको छ, त्यो वर्गसंघर्षबाट अगाडि बढेको छ र वर्गीय शोषण रहँदासम्म वर्ग संघर्ष जारी रहन्छ । मार्क्सवादले मानव समाजमा रहको यस्तो वर्गीय विभेदको अन्त्य चाहन्छ र वर्गविहीन समाजको परिकल्पना गरेको छ । त्यसैले समाजवादी यथार्थवादी साहित्यले सबै प्रकारका उत्पीडन, शोषण, अन्याय, अत्याचार, विभेद, कुरीति, कुसंस्कार, अन्धविश्वास आदिको विरोध गर्दछ र समानता, न्याय, प्रगतिको पृष्ठपोषण गर्दछ  (सुवेदी, २०७६, कम्युनिस्ट अनलाइन) ।

सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिएको साहित्यिक कृतिलाई विवेचना गर्ने आधार समाजभित्रको वर्गीय र लैङ्गीक सैद्धान्तिक आधार नै हुनुपर्दछ । योद्धा स्वतन्त्रताका लागि जीवन बलिदान दिन तयार हुन्छ । उसको परिवारमा पनि प्रतिबद्धताको भाव भयो भने त्यहाँ बलिदानी सौन्दर्य कायम रहन्छ । यसै आधारमा सारा सामाजिक जीवनका घटनाहरू घटित हुन्छन् । समाजमा घटित हुने घटनाको परिवर्तनकामी सन्दर्भ नै राजनीतिक घटनाक्रम हो ।

प्रतिबद्धताको सौन्दर्यको अध्ययनले परिवर्तनका लागि यात्रामा अगाडि बढ्नेहरूलाई अनुकूलन र प्रतिकूलन हुने अवस्था के–के हो ? मान्छे–मान्छेका बिचमा केवल सतही प्रेमसम्बन्ध मात्र होइन मानसिक र संवेगात्मक चेत समेत एकापसमा सन्दर्भित भएर आउँछ । मान्छेमा भएको प्रतिबद्धताको सौन्दर्यको मापनबाट नै मान्छे वासनामुक्तता प्रेमका लागि मात्र नभएर आम नागरिकको स्वतन्त्रतासँग सम्बन्धित विषयमा योगदान दिन पुग्दछ । प्रस्तुत लेखमा यही सैद्धान्तिक मान्यतामा आधारित रहेर विवेच्य एकाङ्कीमा रहेको वैचारिक प्रतिबद्धताको खोजी गरिएको छ ।

## क्रान्तिको पृष्ठभूमि एकाङ्कीको विश्लेषण

गोविन्दबहादुर मल्ल गोठालेद्वारा लिखित क्रान्तिको पृष्ठभूमि (२००७-००८) एकाङ्कीले नेपाली स्वतन्त्रताको आन्दोलनलाई समर्थन गर्दै आएको छ । राणाकालको कठोर नियन्त्रणमा पनि परिवर्तनको पक्षमा आवाज उठाएर परिवर्तनलाई सार्थक बनाउने गोठाले वर्गीय मुक्ति र न्यायपूर्ण समाजको यात्रामा योगदान दिने स्रष्टा हुन् । नाटक विधामार्फत् जन–जनसम्म परिवर्तनकामी विषयलाई अभिनय कलाका माध्यमबाट विचार सम्प्रेषण गर्ने गोठालेका रचनामा क्रान्तिकारी चेत पाइन्छ । २००७ सालको जनक्रान्तिले नेपाली समाजमा ल्याएको परिवर्तन मूलत: बोल्ने स्वतन्त्रता मात्र हो । वाक् स्वतन्त्रताको अधिकार नै नागरिकको पहिलो अधिकार हो भन्ने सन्दर्भबाट हेर्दा त्यही प्राप्तिका लागि पनि एउटा योद्धाले कति र कस्तो कष्ट व्यहोरेको छ । योद्धाको परिवारसमेत मानसिक तनाव वा क्षति व्यहोरेको छ । राज्यका कर्मचारीले योद्धाको परिवार बस्ने घरबेटीलाई दु:ख दिएको छ । प्रेमी बन्ने नाममा एउटा व्यक्ति नारीमाथि कति धेरै पीडा थोपरिरहन्छ । यस अवस्थाको चित्रण एकाङ्कीमा भएको सन्दर्भमा पात्र जीवकृष्णको केन्द्रियतामा नारायणलाल, किशोरी, हर्षमाया र सन्तमानको चारित्रिक सन्दर्भ र सन्देश वर्गीय, लैङ्गिक र जातीय सन्दर्भबाट पुष्टि हुने गरी यहाँ विश्लेषण गरिएको छ । यस विश्लेषणलाई अझ वस्तुपरक बनाउन वैचारिक, पारिवारिक र सामाजिक आधारमा विषय, पात्र र परिवेश सन्दर्भको अध्ययन गरिएको छ ।

## एकाङ्कीको विषयवस्तु

'भोकोघर' (२०३४) एकाङ्की सङ्ग्रहमा सङ्कलित रहेको 'क्रान्तिको पृष्ठभूमि' एकाङ्की सामाजिक पृष्ठभूमिमा निर्मित भएर पनि ऐतिहासिक विषय सन्दर्भ प्रस्तुत भएको एकाङ्की हो । यस एकाङ्कीको रचनाकाल यही हो भन्ने ठम्याउन नसकिए पनि २००७ साललगत्तै रचना भएको अनुमान लगाउन सकिन्छ । २००७ सालको क्रान्तिपूर्व राणाविरोधीहरू उपत्यकाको विभिन्न नाकाबाट भित्र छिरी राणाहरूको उच्छेद गर्ने हिसाबले योजना बनाए पनि उपत्यकामा सङ्गठन कमजोर भएका कारण प्रभाव कम रहेको देखिन्छ । राणाविरोधी क्रियाकलापमा लागेका आन्दोलनकारीहरूलाई एक–एक गरेर समाती कडा सजाय दिन थालेपछि घटना चर्कन्छ । राणाहरूले राजा त्रिभुवनलाई हरेक दमनचक्र उपरको प्रमाणिकरण गर्न दबाब दिन थालेपछि राजा भारतीय दूतावासमा शरण लिन पुग्दछन् । यस घटनाले राणाहरूमा नराम्रो झड्का लाग्दछ । यही पृष्ठभूमिभित्र बन्दी पात्र जीवकृष्णमाथि गरिएको दमन, जीवकृष्णकी जीवनसाथीलाई प्रलोभनमा पारेर आफ्नो बनाउने सरकारी कर्मचारी नारायणलालको प्रपञ्च, आफ्नो श्रीमान्को मृत्यु भए आफू पनि मर्ने किशोरीको उद्घोष, विद्रोहीको परिवारलाई कोठा (डेरा) दिइएकोमा सन्तमानले व्यहोरेको पीडा र हर्षमायाले किशोरीको जीवन बचाउन गरेको प्रयास जस्ता पक्ष एकाङ्कीमा सघन रूपमा प्रस्तुत भएका छन् । यसका अतिरिक्त लेखकले एकाङ्की अत्यन्त पठनीय शैलीमा प्रस्तुत गरेका छन् । 'क्रान्तिको पृष्ठभूमि' एकाङ्की चरित्रलाई प्राथमिकता दिइएको एकाङ्की हो । एउटा क्रान्तिप्रति समर्पित र जस्तोसुकै अवस्थामा पनि नझुक्ने जीवकृष्ण र अर्को क्रान्तिलाई धुलिसात् बनाउन चाहने गुप्तचर अनावश्यक प्रलोभनमा पारेर जीवकृष्णकी श्रीमती

किशोरीको मन खिच्न तल्लीन हुन्छ । दुई विपरीत पृष्ठभूमि र गतिविधि गर्ने पात्रको मनोदशाको विश्लेषण यहाँ भएको छ । यस एकाङ्कीमा प्रेमको बदलामा धोका शब्द उच्चारण नगर्ने तर जीवन नै त्याग्न परे पनि तयार किशोरीको दृढ निश्चयी भाव प्रशंसालायक छ । किशोरी कसरी बसेकी छ जीवकृष्णलाई थाहा छैन । जीवकृष्ण कस्तो यातना भोगिरहेको छ किशोरी थाहा पाउँछे । आफ्नो पतिलाई मृत्युदण्ड नै दिने गरी तयारी गर्दा पनि विचलित नभई, नरोइ बस्ने युवतीको वैचारिक र पारिवारिक प्रतिबद्धता नै यस एकाङ्कीको केन्द्रीय विषय हो । यस एकाङ्कीमा नाटककार गोठाले किशोरीको सतिसाल चरित्रभन्दा गाउँमा नै प्रेमाकर्षणले निकट हुन खोज्ने नारायणलालको आशक्तिको चित्रण गर्न सफल भएका छन् । किशोरीले आफूलाई चयन नगरेको विषयले जीवनभरि सताइएको नारायणलालको मनोदशाले जीवकृष्णलाई सानो जाति भन्दै किशोरीलाई धन–दौलतको लोभ देखाउन पछि पर्दैन । त्यति मात्र नभएर जीवकृष्णलाई कोर्रा हानेर गलाउने र मानसिक रूपमा विक्षिप्त पारेर युवतीलाई आफ्नो मोहपाशमा लिन हरेक यात्रा तय गर्दछ । विवाहित युवतीलाई पुन: प्राप्तिको चाहना राखेर गरेका प्रत्येक प्रयास असफल हुँदा पनि ऊ अझै प्रयास छाड्दैन । नारायणलालमा युवतीप्रतिको आकर्षण अनौठो खालको लाग्दछ । तत्कालीन समयमा विवाह गर्न नसक्ने खालको पात्र नारायणलाल होइन । आफूलाई मन परेको व्यक्ति प्राप्त गर्न पुरुष कति मरिहत्ते गर्दछ भन्ने एउटा प्रमाण यहाँ भेट्न सकिन्छ ।

यस एकाङ्कीले राज्यसत्ताको मनोविज्ञानलाई नारायणलालको चरित्रबाट प्रेषित गरेको छ । विद्रोही र विद्रोहीका समर्थक वा परिवारको मनोविज्ञान कस्तो हुन्छ भन्ने उदाहरण पर्दामा जीवकृष्ण नदेखिएरै पनि किशोरीको दृढोक्तिबाट प्रमाणित हुन्छ । सन्तमान र हर्षमाया जहाँ उभिन्छन् उनीहरूको भूमिका पनि एउटा प्रताडनमा बाँचेको रैती जस्तो तत्कालीन जनजीवनको चित्रमा ढालेर देखाइएको छ । किशोरीलाई बचाउन प्रेरित गर्नुको सट्टा डेरा छाडेर आफूलाई बचाउन अनुनय गर्ने घरपट्टिको चरित्र अघोषित रूपमा नकरात्मक खालको रहेको छ । राज्य बास नभएकालाई मार्ने र बास दिनेलाई समेत अप्ठ्यारो पार्ने अमानवीय गतिविधिबाट प्रेरित मात्र होइन सक्रिय रहेको छ ।

**एकाङ्कीमा वैचारिक प्रतिबद्धता**

क्रान्तिको पृष्ठभूमि एकाङ्कीमा मूलत: दुई विचारको सङ्घर्ष छ । आम नागरिकको स्वतन्त्रता र राणाशाहीको अन्त्य चाहने पक्षमा जीवकृष्ण, किशोरी रहेका छन् भने विद्रोहलाई दबाइ छाड्ने र किशोरीलाई चुकाउने सङ्कल्पमा नारायणलाल देखिएको छ । एकाङ्कीमा जीवकृष्ण अदृश्य भूमिकामा रहेर पनि अत्यन्त शक्तिशाली पात्रको रूपमा स्थापित छ । उसको गतिविधिले क्रान्तिप्रतिको अविचल यात्रा सम्पन्न हुने देखाउँछ । किशोरी पनि जीवकृष्णको प्रतिबद्धतापूर्ण ऊर्जामा अझै नैतिक सहयोग पु¥याउँछे । एउटा स्पष्ट अडानसहित अगाडि बढेको पात्रको यात्रा जतिसुकै कष्टमय भए पनि सफल बन्छ । स्वतन्त्रताको लडाई लामो होला त्यो युगान्तकारी हुन्छ भन्ने विचार यस एकाङ्कीमार्फत् पेश भएको छ । जनता राजा राणाहरूले जे–जे भने त्यही गर्दैनथे । अघोषित रूपमा धेरै जनता क्रान्तिको पक्षमा उभिएको सन्दर्भ यहाँ प्रस्तुत रहेको छ ।

नारायणलालको विचार र कार्यदिशा गलत छ । गलत कार्यदिशाले मानिसलाई कमजोर मात्र बनाउने होइन अस्तित्व समेत नामेट गराइदिन्छ । विप्लवी राजनीतिमा लागेर लोग्ने जेल परेको अवस्थामा पनि सत्ताको बक्रदृष्टिमा परेकी किशोरीलाई गाउँकै दाइ पर्नेले गिद्दे आँखा लगाउँदा पनि टसको मस हुन्न । आफ्नो विचारप्रतिको दृढता भन्ने विषय सामान्य होइन भन्ने तथ्यलाई एकाङ्कीमा प्रस्तुत गरिएको छ । तलका साक्ष्यले यस कुराको पुष्टि गर्छन् :

साक्ष्य १ -

किशोरी : (उठेर टोलाउँदै) मलाई रातदिन त्यस्तै लागिरहन्छ । उहाँसँग चिनापर्ची नै भएको छैन । देखेको समेत छैन । म चौरमा गाईबाच्छाका बथान हेरिरहेकी छु, पाखापर्वतमा बादलले छोप्दै ल्याएको छ । वर पर्वतको टाकुरामा तीनओटा रूखहरू आपसमा कुरा गरेर खडा भइरहेछन् । उहाँ आउनै लाग्नु भयो । तल बाको चुरोट पसलमा । (आचार्य, २०६६, पृ. १२४)

यसमा किशोरीको प्रस्तुति शालीन मात्र छैन सङ्क्षिप्त पनि छ । अधिकांश ठाउँमा छोटो तर सङ्केतात्मक खालको प्रस्तुति पाइन्छ । एकाङ्कीको विचारको यात्रामा कार्यशैली प्रभाव पार्ने पक्ष भनेको वैचारिक स्पष्टता हो भन्ने विषय उद्घाटित गरिदिएको छ । सौर्य र सहनको बलमा क्रान्ति योद्धाको यात्रा अगाडि बढिरहँदा राजा पनि आफूलाई राणाको दबाबमा नराखी आँटिलो बनेर यात्रा तय गर्दछन् । अन्त्यमा विचारको सुन्दर यात्राले नै स्वतन्त्रता प्राप्ति आशाको सञ्चार हुन्छ ।

साक्ष्य २ :

नारायणलाल : म तिमीलाई छहारी दिन्छु; म तिमीलाई माया गर्छु । म तिमीलाई प्रेम गर्छु । (सुस्तरी) मैले अहिलेसम्म बिहे गरेको छैन । तिमी मलाई घृणा गर तिमी मलाई कपाल लुछ । म महिषासुर जस्तै, दुर्गाभवानीको खड्गले काटिएको टाउको उनैको काखमा परी घुस्रुक्क मरेजस्तो, तिम्रो काखमा मर्नेछु । (आचार्य, २०६६, पृ. १३०)

माथिको साक्ष्यमा विवाहित नारीलाई आफ्नो फन्दामा पार्न खोज्ने विरुद्ध ठुलो स्वरले प्रतिवाद नगरीकनै आफ्नो जीवनसाथीले लिएको बाटोप्रति पूर्ण समर्पित हुने किशोरीको विचार व्यवहारबाट उनको वैचारिक प्रतिबद्धता अभिव्यक्त भएको छ ।

**एकाङ्कीमा पारिवारिक परिस्थिति**

'गोठाले'का नाटकमा पाइने सामाजिक समस्याको मूल जड परम्परागत मान्यता हो । त्यसमा जातिपातीको मान्यता सबैभन्दा अगाडि देखिन्छ । (घर्ती, २०७८, पृ. १४) 'क्रान्तिको पृष्ठभूमि' एकाङ्कीमा नारायणलालले किशोरीलाई प्राप्त गर्न रचेको एउटा प्रपञ्चको पाटो भनेको सानो र ठूलो जातिको सन्दर्भ पनि हो । पारिवारिक मेलमिलापलाई भड्काउन प्रयोग गरिने जातीय सवालप्रति एकाङ्कीकी मुख्य पात्र किशोरी दृढ छे । सन्तमान र हर्षमायाको पारिवारिक अवस्थामा पनि नारायणलाल हाबी भएको छ । उसले दु:ख दिने योजना बताउँछ । सन्तमान र हर्षमायाको परिवारमा चिन्ताको सूत्रपात गर्ने नारायणलाल किशोरी र जीवकृष्णको सम्बन्धको समेत प्रमुख बाधक बन्दछ । नारायणलाल सरकारी पदको दुरुपयोग गर्दै किशोरी प्राप्त गर्न नसके किशोरी बसेको घरधनीलाई चरम दु:ख दिने सङ्केत गर्दै फरक ढङ्गले किशोरी माथि नै दबाब थोपर्छ । तलका संवादबाट यस विषय सन्दर्भको पुष्टि हुन्छ :

किशोरी : उहाँलाई ज्यान सजाय हुन्छ रे !

सन्तमान : (निसासिँदै) ज्यानसजाय !

हर्षमाया : (चिच्याएर) ज्यानसजाय ! लौन नि, ज्यानसजाय !! (रोएर बाहिर निस्कन्छे)

सन्तमान : नकराऊ (किशोरीप्रति) उसो भए हामीलाई बचाऊ नानी, बचाऊ । तिमी आजै राति यहाँबाट निस्क र नत्र हामीलाई पनि पार्छन् । (आचार्य, २०६६, पृ. १३२)

मनोवैज्ञानिक त्रास डरलाग्दो हुन्छ । एउटा व्यक्तिले आफ्नो निहित स्वार्थका लागि गर्ने अनेक प्रयासले कमजोर मनस्थिति भएको परिवारमा भूकम्प ल्याइदिन्छ । दृढ सङ्कल्पसहित लक्ष्य भेदन गर्न निस्केको क्रान्ति योद्धाको परिवार सतिसाल बनेर अविचल रहन्छ । राजा त्रिभुवनको परिवारमा समेत राणाशासकहरूले दिएको दबाबबाट अर्को पारिवारिक स्थिति सिर्जना भएको तथापि त्यो किशोरी, हर्षमाया र सन्तमानको परिवारमा समेत सकारात्मक अवस्थाको सिर्जना भएको छ ।

**सामाजिक अवस्थाको चित्रण**

गोविन्द बहादुर मल्ल 'गोठाले'का नाटक समस्यामूलक विषयवस्तुमा आधारित छन् । उनका नाटकले सामाजिक समस्या र मनोवैज्ञानिक समस्या सँगसँगै उभ्याउँछन् । एउटा मुख्य समस्यासँग जेलिएर अरु अनेक समस्याहरू पनि आउने र समस्याको एउटा मुख्य कारणसँग अरु कारण पनि थपिएर आउने भएकाले उनका नाटकमा प्रस्तुत समस्या जटिल प्रकारको छ । (घर्ती, २०७८, पृ. १३) गोठाले सामाजिक विषय उठानमा पात्रलाई उचित भूमिका प्रदान गर्दछन् । क्रान्तिको पृष्ठभूमि एकाङ्कीमा सामाजिक रूपबाट जो बढी प्रताडित छ त्यसैलाई समाज खेद्न थाल्छ भन्ने राम्रो प्रमाण फेला पार्न सकिन्छ ।

उपत्यका भित्रका बासिन्दा र अझ खासगरी यहाँका रैथानेहरू त्रासबाट मुक्त हुन सकेका छैनन् । (आचार्य, २०६६, पृ. ११९) यसैले किशोरीको घरबेटी उसलाई सहारा दिनुको सट्टा 'हामीलाई बचाऊ नानी, बचाऊ ! तिमी आजै राति यहाँबाट निस्क' भनी अनुनय गरिरहेको छ र राणासरकारको गुप्तचरसँग मेरो केही अपराध छैन भनिरहेको छ । सामाजिक कोणबाट हेर्दा घरबेटीले आफू सानो जाति भएकाले आफूले पकाएर दिएको खाना किशोरीलाई दिँदा पाप लाग्ने सन्दर्भसमेत उल्लेख गरिएको छ । सरकारी कर्मचारीले आफ्नो उच्च रवाफ पेश गरेको सन्दर्भले समाजमा मूलत: उच्चवर्ग भनाउँदाहरूको सोच र परिवर्तनका निम्ति लड्नेहरूको विचार परम्परामा विरोधी रहने धारणासमेत स्पष्ट भएको छ । तलका संवाद हेरौँ :

नारायणलाल : उसो भए तिमी ... भैहाल्यो । (शान्ति) तर तिम्रो यस संसारमा कोही हुँदैन । तिम्रो माइतीमा त झन् हुँदैन । एक त तिमी बाबुआमाको मन नपरेकी, सानो जातसित भागेर आएकी, दोस्रो राजद्रोही – जसलाई ज्यानसजाय हुँदैछ, त्यसकी स्वास्नी । तिमीदेखि सारा मान्छे डराउँछन्, बोल्न समेत डराउँछन्, ओत दिने त कुनै छैन । तिम्रो कोही रहँदैन, यी सारा मालमन्ता सर्वस्व हुन्छ । तिमी एकदम कङ्गाल हुन्छयौ । त्यस बखत तिमी के गर्छ्यौ ?

किशोरी : हद् भए मर्छु । (आचार्य, २०६६, पृ. १३०)

माथिका संवादका आधारमा हेर्दा समयले जसलाई अप्ठ्यारो पारेको हुन्छ, त्यस्ताको विपक्षमा समाज पनि उभिन खोज्छ । एउटा निर्भीक पात्र जतिसुकै असहज परिस्थितिमा पनि विचलित नभई मत्यु स्वीकार गर्छ बरु शरणमा पर्न चाहन्न । जातीय हिसाबले समेत हेला होचो गर्न पछि नपर्ने मान्छेको स्वभाव आफूले पाउँदा ठीक र आफूले प्राप्त गर्न नसक्दा अनेकौँ लाञ्छना लगाउन पुग्दछ । प्रेमविवाहमा बाँधिएकी किशोरीलाई कसरी हुन्छ आहत तुल्याउन सक्रिय नारायणलालका योजना पुरै असफल भएको पुष्टि हुन्छ । नारी समस्या केन्द्रित नाटक लेखनमा दक्ष गोठालेले समाजभित्रको जातीय उचनिंचका विषयलाई समेत कलात्मक ढङ्गले सम्बोधन गरेका छन् ।

गोठालेका नाटक यथार्थवादी नाट्य शिल्पमा आधारित छ । उनी पात्रहरूका संवाद गद्यमा प्रस्तुत गर्दछन् र भाषा पनि बोलचालको प्रस्तुत गर्दछन् । नाट्यवस्तुमा घटनाहरूको बुनोटमा भन्दा चरित्रहरूको स्वाभाविकतामा जोड दिनु र सामाजिक समस्याको कुनै न कुनै पाटोलाई केन्द्रमा राखेर विचार वा चिन्तनमा जोड दिनु पनि समस्यामूलक यथार्थवादी नाटकको विशेषता हो । (आचार्य, ०६६, पृ. ७२) आफ्नो वैयक्तिक स्वार्थलाई केन्द्रमा राखेर जे–जस्तो कुकर्म पनि गर्न तम्सने नारायणलालको वचनलाई कमजोर तुल्याउन र परिवर्तनप्रतिको आफ्नो चाहना साथै चयनको स्वतन्त्रतको पूर्ण कार्यान्वयन गर्न किशोरी प्रतिबद्ध भएको परिस्थिति प्रदर्शनले नाटकमा गतिलो शक्ति नैतिक बल हो भन्ने पुष्टि गरेको छ ।

यसरी हेर्दा गोठालेका नाट्यकृतिमा सामाजिक गतिविधि नै मुख्य विषयवस्तु बनेर आएको देख्न सकिन्छ । उनका सामाजिक नाटकमा मध्यमवर्गीय आर्थिक पृष्ठभूमि भएका पात्रहरूको मनोदशा कलात्मक ढङ्गले प्रक्षेपित भएको देख्न सकिन्छ । यसका अतिरिक्त वैयक्तिक अभिलाषा पुरा गर्न तत्लीन हुने नारायणलाल जस्ता पात्रको कमजोरीलाई सुस्पष्ट रूपमा राखिदिन्छन् । 'क्रान्तिको पृष्ठभूमि' एकाङ्कीमा सरल व्यवहार र कठोर अनुशासन भएकी किशोरी जीवन बलिदान गर्न क्रान्तिमा होमिएको जीवकृष्ण र धेरै भन्दा धेरै आशा गर्दा पनि वाञ्छित लाभ हासिल गर्न नसक्ने नारायणलालको चरित्र चित्रणलाई गहन ढङ्गले प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

गोविन्द बहादुर मल्ल गोठालेको यस 'क्रान्तिको पृष्ठभूमि' एकाङ्कीमा रहेका प्रमुख पात्र किशोरी, नारायणलाल र सन्तमानको परिवार गम्भीर मनोवैज्ञानिक समस्यामा परेको देखिएको छ । जीवकृष्ण नाटक भरि पर्दामा नदेखिने भएकाले पनि उसको मनोदशा स्वभावत जटिल तर पर्दा पछाडि परेको छ । किशोरी कठोर साधनाबाट समाधि प्राप्त योगी जस्ती देखिन्छे । नारायणलाल कुण्ठित मनोभाव बोकेर आफ्नो वैयक्तिक चाहना पुरा गर्न प्रस्तुत हुँदाहुँदै पनि निरीह साबित हुन्छ । सन्तमान र

हर्षमायाको परिवारले विवश बनेर एउटा जासुसको कारण क्रान्तियोद्धाको परिवारलाई बाहिर निस्किन अनुनय–विनय गर्न पुग्दछन् । जीवकृष्ण एउटा समर्पित योद्धा हो जो आफ्नो यात्रामा निरन्तर निरन्तर लागिरहेको पुष्टि राजा त्रिभुवनको राजदूतावास सवारीबाट प्रष्ट हुन्छ । यस एकाङ्कीमा परिवर्तनको खातिर जीवन बलिदान गर्नेहरू कुनै पनि मूल्यमा कमजोर हुँदैनन् । उनीहरू कहिल्यै हार्दैनन् भन्ने देखाइएको छ । नाटकमा सामाजिक समस्याभित्र राजनीतिक परिवर्तनका निम्ति क्रान्ति सन्दर्भ प्रस्तुत गरिएको छ । क्रान्तिप्रतिको प्रेम र जीवनसाथीप्रतिको विश्वास उच्च मनोवैज्ञानिक प्रयोग पक्ष मानिन्छ ।

**सन्दर्भ–सामग्री**


आचार्य, व्रतराज . (२०६६) (सम्पा.) . आधुनिक नेपाली नाटक . ललितपुर, साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर . (२०७८) . "'गोठाले'को नाट्यकारिता" . मधुपर्क, २०७८ (पृ. १२–१५) पूर्णाङ्क ६२२, साउन अङ्क

पौडेल, गोपीन्द्र र ज्ञवाली, विष्णु . (२०७८) (सम्पा.) . मार्क्सवादी सौन्दर्य चिन्तन . काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान ।

लेनिन, भी.आई. . (सन् १९५२) . भौतिकवाद र अनुभवसिद्ध आलोचना । मास्को, प्रगति प्रकाशन ।

सिंह, मोहनविक्रम . (२०७८) . "प्रगतिवादी साहित्य र सौन्दर्य" मार्क्सवादी सौन्दर्यचिन्तन (सम्पा.) . काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ४४–५६ ।

सुवेदी, धनप्रसाद (२०७६). समाजवादी यथार्थवाद : परिचय र मान्यता. https://www.communistonline.com/2019/10/16380/